कटारी नगरपालिका

Katari Municipality

# नगर कार्यपालिकाको कार्यालय

Office of Katari Municipal Executive

कटारी, उदयपुर

Katari, Udayapur

१ नं. प्रदेश नेपाल

Province No. 1, Nepal

EST. 2071

पत्र संख्या (Ref.No) :–०७७/०७८

चलानी नं.(Dispatch No.) :–

मिति (Date) :- २०७७/०७/०४

## प्रेस विज्ञप्ती

हाल विश्वभर तीव्र गतिमा फैलिइरहेको कोरोना भाईरसको संक्रमणबाट हुने कोभिड-१९ रोगबाट यस नगरपालिका पनि अछुतो रहन सकेन । महामारीको समयमा पनि जनतालाई सेवा सुविधाबाट वन्चित गर्नुहुदैन भन्ने मान्यता राख्दै सुरक्षाका उपाय अपनाउदा अपनाउदै यस नगरपालिका बाट दैनिक सेवासुविधा प्रदान गर्ने क्रममा नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखाका श्रोत व्यक्ति र ईलाका प्रशासन कार्यालयका प्रमुख समेतलाई कोरोना पोजेटिभ देखिएको हुनाले उहाहरूसँग सम्पर्कमा आउनुभएका सबै व्यक्तिहरू होम क्वारेन्टाईनमा बसिदिनुहुन र स्वास्थ्य सम्वन्धि समस्या देखिएमा नजिकको स्वास्थ्य चौकिमा सम्पर्क गरी सुरक्षित रहनुहुन अनुरोध छ। यस अवस्थामा आउदै गरेको बडादशैं, दीपावली तथा छठपर्व जहां हुनुहुन्छ सोही स्थानमा बसी मनाउन हुन अनुरोध छ । साथै नगरमा दिन-प्रतिदिन फैलिदै गइरहेको कोरोना भाइरस (कोभिड-१९) लाई मध्यनजर राख्दै जनस्वास्थ्यमा प्रतिकुल असर पर्न सक्ने सम्भावनालाई दृष्टिगत गरी यस कटारी नगरपालिकामा मिति २०७७ कार्तिक ४ गतेदेखी यस कार्यालय र मातहतका कार्यालय शाखाहरूबाट सम्पादन गरिने अति आवश्यक सेवा (दमकल, फोहोरमैलाको गाडि, नगर प्रहरी, स्वास्थ्य सेवा) वाहेक दैनिक संचालन हुने सेवाहरू मिति २०७७ कार्तिक १५ गतेसम्म वन्द रहने जानकारी सबैमा गराईन्छ । संक्रमण फैलिन नदिन सतर्कता अपनाई यस नगरपालिकालाई सहयोग गरिदिनुहुन सम्पूर्ण नगरवासीहरूलाई हार्दिक अपिल गर्दछु ।

भिम कुमारी राउत

नगर उप-प्रमुख